KVM Research Journal
Multidisciplinary Peer Reviewed, Journal
ISSN : 2976-1301

# साहित्यिक अभिव्यक्तिमा वक्रोक्तिवादको योगदान

**रामजी प्रसाद ज्ञवाली**
उप प्राध्यापक
कञ्चन विद्या मन्दिर सामुदायिक कलेज
rgyawali1964@gmail.com

**लेखसार**

वक्र+उक्ति मिलेर वक्रोक्ति शब्दको निर्माण भएको हो । वक्रोक्ति भनेको टेढोमेडो, घुमाउरो, कुटिल भन्ने अर्थ रहेको हुन्छ । कविले सामान्य कुरालाई पनि वङ्ग्याएर, वर्ण र प्रसङ्ग आदिमा चमत्कार प्रदान गरेर सुन्दर तरिकाले चिटिक्क पारेर प्रस्तुत गर्दछ । जसले गर्दा भावकलाई आनन्द प्राप्ति हुने गर्दछ ।

वक्रोक्ति सिद्धान्तको स्थापना कुन्तकले एघारौँ शताब्दीको प्रारम्भमा 'वक्रोक्ति जीवितम्' भन्ने काव्यमा गरेका हुन् । उनले वक्रोक्तिको सूक्ष्म तरिकाले वर्णदेखि लिएर प्रबन्धसम्ममा राखी वर्गीकरण गरेका छन् । जसलाई मूलतः वर्ण, पूर्वार्ध, परार्ध, वाक्य, प्रकण र प्रवन्ध वक्रता गरी छ प्रकारले अध्ययन गर्दै यिनीहरूका पनि विभिन्न उपभेदको चर्चा गरेको पाइन्छ ।

कुन्तकले वक्रोक्तिवादको स्थापना गर्नुभन्दा पहिले भामह दण्डीआदि आचार्यहरूले पनि चर्चा गरेका थिए । सर्वप्रथम छैटौँ शताब्दीका आचार्य भामहले अलङ्कारका प्रकार उल्लेख गर्ने क्रममा अड्तीसवटा अलङ्कारको उल्लेख गर्दै त्यसमध्ये वक्रोक्ति पनि एउटा अलङ्कार भएको वताएका थिए । उनले आफूले चर्चा गरेका अलङ्कार मध्ये अतिशयोक्ति सबैभन्दा महत्त्वपूर्ण रहेको र अतिशयोक्ति नै वक्रोक्ति रहेको कुरा उल्लेख गरेका थिए । उनी भन्दछन् - यो त्यही वक्रता हो जसले विशिष्टता प्रदान गर्दछ । कविले यसैका निम्ति प्रयत्न गर्नुपर्दछ र यो विना कुनै पनि अलङ्कार बन्न सक्दैन । (पोखेल, साहित्यकोश, पृ. ७२४)

यसैगरी दण्डीले काव्यादर्श नामक ग्रन्थमा सम्पूर्ण अलङ्कारको मूल आधार वक्रोक्ति उल्लेख गरेर वक्रोक्तिलाई उच्च स्थान दिएका छन् । त्यसपछि वामनले (नवौँ) एउटा अलङ्कारका रूपमा मात्र स्वीकार गरेर वक्रोक्तिको चर्चा गरे भने रूद्रटले वक्ताले एउटा भनाइमा व्यक्त गरेको कुरा स्रोताले भिन्न अर्थमा लिएमा वक्रोक्ति भनिन्छ भनी उल्लेख गरेका छन् ।

यसप्रकार पूर्ववर्ती आयार्यहरूले वक्रोक्तिलाई विभिन्न तरिकाले प्रस्तुत गरी अलङ्कारका रूपमा माने पनि कुन्तकले यसको विस्तृत चर्चा गर्दै सानो रूप वर्णदेखि लिएर बृहद्रूप प्रबन्धसम्म रहने कुरा बताएका छन् । वक्रोक्तिको महत्त्व प्रत्येक काव्यमा रहने र वक्तोक्तिका अभावमा वाक्यको अस्तित्व नरहने कुरा गर्दै यसले काव्यलाई चमत्कार प्रदान गर्ने कुरा बताएका छन् ।

**शब्दकुञ्जी** ः भङ्गीभणिति, उक्तिवैचित्र्य, विषद, प्रातिपदिक, सुवन्त, आह्लादकारी ।

## १ विषय प्रवेश

वक्रोक्तिवाद कुन्तकद्वारा एघारौं शताब्दीमा प्रतिपादित सिद्धान्त हो । आफ्ना कथनलाई घुमाउरो शैलीमा प्रस्तुत गरी सुन्दरता प्रदान गर्ने प्रक्रिया नै वक्रोक्ति हो । सामान्य बोलीचालीको कथनभन्दा भिन्न तरिकाले घुमाएर, बङ्ग्याएर चामत्कारिक ढङ्गले व्यक्त गर्ने प्रक्रिया नै वक्रोक्ति हो ।

कुन्तकले आफूपूर्वका आचार्यहरूले स्थापना गरेका अलङ्कार, रीति, गुण, ध्वनि, रस जस्ता महत्त्वपूर्ण सिद्धान्तहरूलाई वक्रोक्तिमा नै समाहित गर्न सकिने कुरा व्यक्त गर्दै आफ्नो वक्रोक्ति सिद्धान्त स्थापना गरे । यो सिद्धान्त कुनै पनि पूर्ववर्ती आचार्यहरूका वादका विरूद्धमा नआई समन्वय गने र्किसिमले आएको उनले उल्लेख गरे पनि ध्वनिवादका विरुद्धका रूपमा आएको प्रतीत हुन्छ ।

कुन्तकभन्दा पहिले पनि वक्रोक्तिको चर्चा भने नभएको होइन । सर्वप्रथम प्रसिद्ध अलङ्कारवादी आचार्य भामहले अड्तीस वटा अलङ्कारको चर्चा गर्दा वक्रोक्ति पनि एउटा अलङ्कारका रूपमा रहेको उल्लेख गरेका थिए । यतिमात्र नभई सबैभन्दा महत्त्वपूर्ण अलङ्कार अतिशयोक्ति हो र अतिशयोक्ति नै वक्रोक्ति हो भन्ने कुरा बताएका थिए ।

कुन्तकले वक्रोक्तिको अस्तित्व वर्णका तहदेखि प्रबन्धका तहसम्म रहने कुरा बताएका छन् । उनले अलङ्कार आदिमा देखा परेका अनुप्रास, यमक आदिलाई पनि कुशलतापूर्वक वक्रोक्तिमा नै अन्तर्निहित गरेका छन् । यसका साथै दण्डी, रूद्रट, मम्मट वामन आदि आचार्यहरूले वक्रोक्तिलाई शब्दलङ्कारका रूपमा राखेर अध्ययन गरेको

पाइन्छ ।

यसप्रकार भामहदेखिका आचार्यहरूले वक्रोक्तिसम्बन्धी विचारहरू राखे पनि कुन्तकले विशद रूपमा चर्चा गर्दै वक्रोक्तिजीवितम् नामक ग्रन्थमा वक्रोक्रिवादको स्थापना गरेका छन् ।

## २. आलेखको समस्या र उद्देश्य

(क) पूर्वीय विद्वान्हरूका वक्रोक्ति सम्बन्धी धारणा के-कस्ता रहेका छन् ? चर्चा गर्नु,

(ख) साहित्यमा वक्रोक्तिको स्थान के-कस्तो रहेको छ ? विश्लेषण गर्नु,

(ग) वक्रोक्ति के-कति प्रकारका हुन्छन् ? अध्ययन गर्नु ।

## ३. सामग्री सङ्कलन विधि र प्रक्रिया

प्राज्ञिक लेखनमा सामग्री सङ्कलनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्रस्तुत लेखनमा सामग्री सङ्कलनमा मूलतः पुस्तकालय अध्ययनको प्रयोग गरिएको छ । प्रथम सामग्रीका रूपमा 'वक्रोक्तिजीवितम्' नामक मूल ग्रन्थलाई लिइएको छ भने अन्य वक्रोक्ति सम्बन्धी प्राज्ञिक लेख, शोधपत्र, शोधप्रबन्ध, लघु अनुसन्धान तथा अन्य प्राज्ञिक जर्नलहरूमा प्रकाशित लेखहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् । यसप्रकारका सामग्र ी सङ्कलन गरी प्रस्तुत लेखलाई अगाडि बढाइएको पाइन्छ ।

**४. पूर्वकार्यको समीक्षा**

वक्रोक्ति सम्बन्धी यसपूर्व भएका केही महत्त्वपूर्ण कार्यहरूलाई समय क्रममा निम्नलिखित तरिकाले प्रस्तुत गर्न सकिन्छ :

भामह (छैटौँ शताब्दी) ले काव्यालङ्कार नामक ग्रन्थमा वक्रोक्तिको चर्चा गरेका छन् । उनी लोकातिक्रान्ता गोचर गुणको अतिशय योग हुने शब्द र अर्थको चमत्कार पूर्ण उक्ति नै अतिशयोक्ति हो र त्यही नै वक्रोक्ति हो भन्दछन् । यसरी भामह अतिशयोक्तिलाई सबैभन्दा बढी महत्त्व दिन्छन् र यही अतिशयोक्ति नै वक्रोक्ति हो भन्दै वक्रोक्ति विना कुनै अलङ्कार हुँदैन भन्दछन् । उनी वक्रोक्तिका बारेमा भन्दछन् -

शैषा सर्वत्र वक्रोक्तिरनयार्थो विभाव्यते ।
यत्नोऽस्यां कविनाकार्येः कोऽलङ्कारोऽनया विना ॥ (काव्यालङ्कार, २/८५)

अर्थात् यो त्यही वक्रोक्ति हो जसले अर्थलाई विशिष्टता प्रदान गर्दछ । कविले यसैका निम्ति प्रयत्न गर्नु पर्दछ किनभने यो विना कुन अलङ्कार बन्न सक्छ र ?

भामह वाक्यतत्त्वका निम्ति वक्रोक्तिलाई अनिवार्य मान्छन् र सामान्य कथनभन्दा वक्रकथनमा रहेको भिन्नता यसरी प्रस्तुत गर्दछन् -

गतस्तमको भातीन्दुर्यान्ति वासाय पक्षिणः ।
इत्येवसादि किं काव्यं वार्तामेनं प्रचक्षते ॥ (ऐ २ । ८७)

अर्थात् सूर्य अस्ताए ,चन्द्रमा चम्किरहेका छन् ,चराहरू गुँडतिर जाँदै छन् । यसकिसिमका भनाइहरू कसरी काव्य हुन सक्दछन् ,यिनलाई त वार्ता भनिन्छ ।

अनि काव्य कस्तो हुनु पर्दछ भन्ने सन्र्दभमा उनी भन्दछन् :

न नितान्तादि मात्रेण थायने चारुता गिरम् ।
वक्राभिधेय शव्दोक्तिरिष्टा वाचामलङ्कृति ॥ (ऐ १ । ३६)

नितान्त वा अत्यत सुन्दर शव्दको प्रयोगले मात्र वाणीमा सौन्दर्य आउन सक्दैन, वक्र शव्द तथा अर्थको प्र योग नै वाणीको अलङ्कार हो ।

(पोखेल, साहित्यकोश २०५५, पृ. ७३४)

यसप्रकार भामहले अलङ्कारको रूपमा वक्रोक्तिलाई मानेर सबैभन्दा बढी महत्त्व प्रदान गरे । वक्रोक्तिले साहित्यमा चमत्कार प्रदान गर्ने कुरा स्वीकार गरे पनि वक्रोक्ति सिद्धान्तको स्थापना भने कुन्तकले गरेका हुन् ।

दण्डी (सातौँ शताब्दी) ले 'काव्यादर्श' नामक ग्रन्थमा वक्रोक्तिलाई अलङ्कारका भेदका रूपमा चर्चा गरेका छन् । अलङ्कारका भेदका रूपमा मात्र चर्चा गरे पनि वक्रोक्तिमा चमत्कार रहने र यसले काव्यलाई सुन्दर ता प्रदान गर्ने कुरा उल्लेख गरेका छन् । यसप्रकार वक्रोक्तिको सामान्य चर्चा चाहिँ सातौँ शताब्दीतिर नै उल्लेख गरेको पाइन्छ । उनी भन्छन्-

"भिन्नं द्विधा स्वभावोक्ति वक्रोक्तिश्चेति वाङ्मयम ।" काव्यादर्श, २/३६३

भोज (एघारौँ शताव्दी) ले सम्पूर्ण साहित्यलाई अध्ययन गर्दै तीन भागमा बाँडेको पाइन्छ । जसमा वक्रोक्ति, रसोक्ति र स्वभावोक्ति पर्दछन् । यी मध्ये सबैभन्दा महत्त्वपूर्ण रसोक्ति हो भनेका छन् । यसप्रकार भोजले वक्रोक्तिलाई कम महत्त्व दिएर रसोक्तिलाई बढी महत्त्व दिएको पाइन्छ । उनी भन्दछन् :

वक्रोक्तिश्च रसोक्तिश्च स्वभावोक्तिश्च वाङ्मयम् ।
सर्वासु ग्राहिणी तासु रसोक्तिं प्रतिजानते ॥

अर्थात् समस्त वाङ्मय वक्रोक्ति, रसोक्ति र स्वभावोक्ति गरी तीन प्रकारका रहने र रसोक्ति सबैभन्दा महत्वपूर्ण रहन्छ । यसप्रकार उनले रसलाई बढी प्राथमिकता दिए पनि वक्रोक्तिको चर्चाचाहिँ गरेका छन् ।

कुन्तक (एघारौँ शताब्दी) ले 'वक्रोक्ति काव्यजीवितम्' नामक ग्रन्थमा वक्रोक्तिलाई काव्यको सबैभन्दा महत्त्वपूर्ण तत्त्वका रूपमा उल्लेख गरेका छन् । उनले आफूभन्दा पूर्वस्थापित आनन्दवर्धनको ध्वनि सिद्धान्तलाई अप्रत्यक्ष रूपमा खण्डन गर्दै वक्रोक्ति सिद्धान्तको स्थापना गरेका छन् । उनले व्यञ्जना वृत्तिलाई अस्वीकार गर्दै प्रसिद्ध कथनभन्दा भिन्न विचित्र अभिधालाई नै वक्रोक्ति मानेका छन् । (बराल, २०५५, ७३६)

उपाध्याय, केशवप्रसाद (२०४८) ले पूर्वीय साहित्य सिद्धान्तमा विभिन्न आचार्यहरूका कथनहरूलाई अध्ययन गरी आफ्नो धारणा राख्ने काम गरेका छन् । यसरी चर्चा गर्दा पहिले कुन्तकका केही वक्रोक्ति सम्बन्धी धारणा अगाडि सारेका छन् -

"सहृदयजनलाई आह्लाद दिने वक्रोक्तिमय पदरचनामा व्यवस्थित रूपले रहेका शब्द र अर्थ काव्य हुन् ।"

यी दुबै (शब्द र अर्थ) अलङ्कार्य हुन् र तिनको अलङ्कार वक्रोक्ति हो अनि वक्रोक्ति भनेको वैदग्ध्य भङ्गी भणिति हो । (उपाध्याय, २०४८, पृ. २४१)

वक्रोक्ति प्रसिद्ध वा लोकप्रचलित कथनभन्दा भिन्न कुनै वैचित्र्यपूर्ण कथन हो ।

यस किसिमका परिभाषाहरूलाई अध्ययन गरी उपाध्यायले निम्नलिखित निष्कर्ष निकालेका छन् :

वक्रोक्ति असाधारण किसिमको विशिष्ट कथन हो र यो कवि प्रतिभाजनित रचना कौशलबाट उत्पन्न हुने सौन्दर्य छटामाथि आश्रित छ भन्ने निष्कर्ष निक्लन्छ भनेका छन् ।

अवस्थी, महादेव (२०५४) ले वर्णविन्यास वक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग भन्ने लेखमा वर्णविन्यास वक्रताका विभिन्न प्रकारहरूको विश्लेषण गरेका छन् । जसअन्तर्गत व्यवधान युक्त, संयुक्त वर्ण, व्यवधान रहित र यमकाभास गरी चार प्रकारले विभाजन गरेर अध्ययन गरिएको पाइन्छ । यी चार प्रकारका वर्गीकरण अन्तर्गत पनि विभिन्न उपभेद गरी विश्लेषण गरिएको पाइन्छ । व्यवधान युक्त अन्तर्गत एकवर्णको आवृत्तिले काव्यमा ल्याउने सुन्दरता, द्विवर्ण आवृत्तिले दुई वर्णको आवृत्ति र एकभन्दा बढी वर्ण आवृत्ति वर्णको सुन्दर तरिकाले उदाहरण प्रस्तुत गरी अध्ययनलाई अगाडि बढाएको पाइन्छ । यसैगरी संयुक्त वर्ण वक्रोक्तिको अध्ययन गर्दा वर्गान्तियोगी, तलनादि र शिष्टवर्ण रेफयुक्त गरी विश्लेषण गरिएको पाइन्छ । यसका साथै यमकाभास र यमक जस्ता वर्णविन्यासको चमत्कारपूर्ण प्रस्तुत गरिएको छ । यस किसिमका अध्ययनले पनि प्रस्तुत अध्ययन गर्न लागिएका अनुसन्धानमा सहयोग पुग्नेछ ।

पोखेल, केशव (२०५८) ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रताको प्रयोग नामक शीर्षकको प्रयोग प्रज्ञा

प्रत्रिकामा प्रकाशित भएको पाइन्छ । यस वक्रोक्ति सम्बन्धी आलेखले पनि उक्त अध्ययन गर्न लागिएका अनुसन्धानमा विशेष सहयोग पुग्ने देखिन्छ । उक्त लेखमा ऋतुविचारका प्रत्येक ऋतुबाट श्लोकहरू छनोट गरी वर्णविन्यासगत वक्रोक्तिका सम्पूर्ण भेदहरूलाई समेट्ने गरी उदाहरण प्रस्तुत गरिएको छ । द्विवर्णको रूपमा लिइएको उदाहरणमा यसप्रकार रहेको छ :

सारा सागरको खार चालने चलनी सरी
घुमदै स्वादिलो पानी मेघ छर्दछ छर्छरी ॥

प्रस्तुत उदाहरणमा सारा-सागरमा स, र द्विवर्ण, चालने-लचनीमा च, ल, द्विवर्ण छर्दछ- छर्छरीमा छ् र् द्विवर्ण पुनरावृत्ति भएर वक्रोक्ति चमत्कार सृजना भएको छ भनी उल्लेख गरिएको छ ।

खनाल, श्यामप्रसाद (२०६८) मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना शोधप्रबन्धमा वक्रोक्तिवादका आधारमा महामृत्युञ्जय महाकाव्यको अध्ययन गरिएको छ । उक्त अध्ययनमा वक्रोक्ति सिद्धान्तका विभिन्न प्र कारका आधारमा विश्लेषण गरिएको छ । मूलतः वर्णविन्यास समगत, पदपूर्वार्ध, पदपरार्ध वाक्यवक्रता, प्रकर ण वक्रता र प्रबन्ध वक्रताका विभिन्न प्रकारहरूका आधारमा सूक्ष्म रूपमा अध्ययन गरिएको छ । यसका साथै वक्रताले काव्यलाई कसरी सुन्दर बनाउँछ भन्ने कुराको सोदाहरण प्रस्तुत गरिएको छ । यसप्र कार प्रस्तुत गर्दा एएटै प्रकारका पनि धेरै वटा उदाहरणहरू दिइएको छ । जसका कारण वक्रोक्तिसम्बन्धी सामान्य जानकारी भएका पाठक वा भावकलाई समेत सहयोग पुग्ने देखिन्छ ।

भट्टराई, धनपति (२०६९) मुकुन्द इन्दिरा नाटकमा प्रकरण वक्रता शीर्षकमा एम.फिल. तहको शोध प्रबन्ध नेपाली केन्द्रीय विभागद्वारा गराइएको अनुसन्धानमा अध्ययन गरिएको छ । उक्त अनुसन्धानमा प्रकरण वक्रता अन्तर्गतका पात्र प्रवृत्तिगत, उत्पाद्य लावण्य, उपकार्योपकारक, आवृत्ति, प्रासङ्गिक, अवान्तर कथावस्तु, रसपरक, गर्भाङ्क, सन्ध्यङ्ग विनिवेश गरी नौ प्रकारका वक्रोक्तिको विषद् चर्चा गरेको पाइन्छ । यो लघु अनुसन्धानले पनि गर्न लागिएका अनुसन्धानलाई सघाउ पुग्ने देखिन्छ ।

शर्मा, ऋषिराम (२०६९) 'भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता' नामक शीर्षकको एम.फिल. शोधप्र बन्ध त्रि.वि. नेपाली केन्द्रीय विभागद्वारा गराइएको अनुसन्धानमा भैरव अर्यालका निबन्धमा प्रयोग भएका वर्णविन्यास सम्बन्धी वक्रताको अध्ययन गरिएको छ । जसमा एकवर्ण, द्विवर्ण, बहुवर्ण, संयुक्त वर्ण यमकाभास र यमक वक्रताको विभिन्न उदाहरण प्रस्तुत गरिएको छ । यस किसिमका वक्रताले काव्यमा प्रदान गर्ने चमत्कार समेत उल्लेख गरिएको छ ।

यी पूर्वकार्यका अध्ययनहरूले प्रस्तुत आलेखलाई विशेष अध्ययन गरी खोज पूर्ण रूपमा अनुसन्धानलाई अगाडि बढाउन विशेष सहयोग पुग्ने देखिन्छ ।

## ५. औचित्य, उपयोगिता र महत्व

प्रस्तुत साहित्यमा वक्रोक्ति नामक लेखको महत्त्व र उपयोगिता धेरै रहेको छ । वक्रोक्ति भनेको के हो ? साहित्यमा यसको स्थान के-कस्तो रहेको छ भन्ने कुराको जानकारी प्रस्तुत लेखले प्रदान गर्नेछ ।

वक्रोक्तिले साहित्यलाई कसरी चमत्कार प्रदान गरी सुन्दर पार्दछ भनी अध्ययन गरिएको छ । जसले गर्दा काव्यमा वक्रोक्तिको औचित्य के रहेको हुन्छ र यसको महत्त्व कति रहेको छ भन्ने कुराको स्पष्ट हुन्छ । अतः सम्बन्धित विषयमा रूचि लिने लेखक, शिक्षक, अन्वेषक र साहित्यानुरागी व्यक्तिहरूलाई यसको विशेष उपयोगिता रहनेछ ।

**६. वक्रोक्तिको परिचय र परिभाषा**

वक्र र उक्ति मिलेर वक्रोक्ति शब्द निर्माण भएको हो । वक्र भनेको टेडो, घुमाउरो, बाङ्गो र उक्ति भनेको भनाइ वा कथन हो । यसवाट घुमाउरो भनाइ वा टेडो भनाइ भन्ने अर्थ रहेको हुन्छ । सामान्य कथन भन्दा बिषेश किसिमको कथन वा चमत्कारपूर्ण कथनलाई नै बक्रौक्तियुक्त वाक्य भनिन्छ । वक्रोक्तिको प्रथम प्रयोग भामहले गरेका हुन् भने वक्रोक्ति वादका प्रवर्तक कुन्तक हुन् ।

नेपाली बृहद् शब्दकोशमा वक्रोक्तिको शाब्दिक अर्थ कुटिल वा घुमाउरो कथन, वा भनाइ, ब्यङ्ग्यात्मक भनाइ, अभिव्यक्ति, चमत्कारपूर्ण कथन भन्ने उल्लेख गरेको पाइन्छ । कुनै पनि भनाइलाई सोझै व्यक्त नगरेर घुमाउरो तरिकाले ब्यक्त गरिन्छ भने त्यो भनाइ आह्लादकारी र प्रभावकारी बन्दछ । यसरी कुनै भनाइलाई सिधा नभनी घुमाएर चमत्कारपूर्ण तरिकाले व्यक्त गर्ने कार्यलाई पौरस्त आचार्यहरूले वक्रोक्ति भनेका छन् । वक्रोक्तिवादका प्रवर्तक कुन्तकका दृष्टिमा भङगी भणिति नै वक्रोक्ति हो र त्यस्तो वक्रोक्तिपूर्ण उक्ति नै काव्यको आत्मा हो । यो उक्ति औचित्यका रूपमा रहेको वक्रोक्ति वर्णदेखि प्रवन्धसम्म गरी ६ प्रकारका रहेको वताएका छन् ।

वक्रोक्ति सिद्धान्तको स्थापना एघारौँ शताब्दीका कुन्तकले सुरु गरे पनि छैटौँ शताब्दीका भामहवाट नै वक्रोक्तिको चर्चा गरेको पाइन्छ । जसमध्ये वक्रोक्तिका केही महत्त्वपूर्ण परिभाषहरू पनि रहेका छन् ।

**७. वक्रोक्तिको परिभाषा**

वक्रोक्ति भनेको साहित्यमा प्रयुक्त चमत्कारपूर्ण प्रस्तुति हो । यसले साहित्यलाई चटक्क पारेर, सिँगारेर, घुमाउरो पाराले, कलात्मक तरिकाले बैचित्र्य रूपमा प्रस्तुत गर्दछ । जसका कारण काव्यहरू उच्च कोटिका बन्न पुग्दछन् । वक्रोक्ति के हो भन्ने सन्दर्भमा ब्यक्त केही बिद्वान्हरूका महत्त्वपूर्ण परिभाषाहरू यसप्रकार रहेका छन् :

**भामह**

छैटौँ शताव्दीका मामह मूलतः: अलङ्कारवादी आचार्य हुन् । उनले भरतभुनिले मान्दै आएका उपमा, रूपक, दीपक, र यमक जस्ता चार अलङ्कारका स्थानमा अड्तीस अलङ्कारको चर्चा गर्दै तिनैमध्ये एउटा अलङ्कार वक्रोक्ति मानेका छन् । यति भएर पनि सम्पूर्ण अलङ्कारका वीजका रूपमा वक्रोक्तिलाई स्वीकार गरेका छन् । उनी भन्दछन्-वक्रोक्ति त्यो हो जसले अर्थलाई विशिष्टता प्रदान गर्दछ । कविले यसैका लागि प्रयास गर्नु पर्दछ किनभने यो विना कुनै पनि अलङ्कार वन्न सक्दैन ।

शैषा सर्वत्र वक्रोक्तिरनयार्थो विभाव्यते ।
यत्नोस्यां कविना कार्य कोलङ्कारो नयाविना ॥
यसप्रकार भामहले वक्रोक्तिलाई विशेष महत्त्व दिएका छन् ।

(पोखेल २०५५- :७३४)

उनी अझ थप्दै भन्दछन् वक्र कथन र सामान्य कथनमा रहेको भिन्नता यसरी प्रस्तुत गर्दछन् । घाम अस्ताए, चन्द्रमा चम्रिहेका छन्, चराहरू गुँडतिर जाँदै छन् । यस्ता भनाइहरू काव्य हुन सक्दैनन्, यी त वार्ता हुन् ।

गतोस्तमर्को, भातीन्दुयान्ति, वासाय पक्षिणः ।
इत्येवमादि किं काव्यं वार्तामेन प्रचक्षते ॥

**वामन**

वामन नवौँ शताव्दीका रीतिवादी आचार्य हुन् । उनले वक्रोक्तिलाई त्यति धेरै महत्त्व दिएको पाइँदैन । उनी वक्रोक्तिलाई अलङ्कारका भेदका रूपमा स्वीकार गर्दछन् । उनले सबै अलङ्कारको मूल वक्रोक्ति मान्न नसकिने धारणा अगाडि सारेका छन् । उनका विचारमा सादृश्यमा आधारित लक्षणा वक्रोक्ति हो । त्यसपछि वक्रोक्ति एउटा अलङ्कारका रूपमा मात्र खुम्चन पुग्दछ । उनी भन्दछन् :

सादृश्य लक्षणा वक्रोक्तिः
(काव्यलङ्कार सूत्रवृत्ति, ४ । २८)

**रूद्रट**

रुद्रट नवौँ शताव्दीका अलङ्कारवादी आचार्य हुन् । उनका विचारमा वक्ताले विशेष अभिप्रायले भनेका कुरलाई उत्तरदाताले अन्य अर्थ लगाई जबाफ दिएमा वा स्वर विशेषद्वारा अन्य अर्थ प्रतीत भएमा वक्रोक्ति हुन्छ भनेका छन् ।

(पोखेल, २०५५ ।७३६)

**भोज**

भोज एघारौँ शताव्दीका सम्पूर्ण काव्यलाई तीन भागमा वर्गीकरण गरेका छन् । उनका अनुसार काव्य वक्रोक्ति, रसोक्ति र काव्योक्ति गरी तीन प्रकारका हुन्छन् र ती मध्ये रसोक्ति सबैभन्दा महत्त्वपूर्ण हुन्छ । यसप्रकार उनले रसोक्तिलाई बढी महत्त्व प्रदान गरी वक्रोक्तिलाई कम महत्त्व प्रदान गरेका छन् ।

**कुन्तक**

कुन्तकले वक्रोक्तिलाई काव्यको आत्मा मानेका छन् । उनले ध्वनि सिद्धान्त उत्कषमा पुगेका बेलामा ध्वनिसिद्धान्तको खण्डन गर्दै वक्रोक्ति सिद्धान्तको स्थापना गरेका हुन् । व्यञ्जना वृत्तिलाई अस्वीकार गर्दै प्रसिद्ध कथनभन्दा भिन्न विचित्र कथन नै वक्रोक्ति मान्दछन् । उनी भन्दछन् : प्रसिद्धाभिधानव्यतिरेकिणी वैचित्रै वाभिधा (कृन्तक १ ।१०) उनी अझ थप्दछन्

वक्रोक्तिरेव वैदग्ध्य भङ्गी भणिति रूच्यते । (वक्रोक्ति जीवित १/१०)

अर्थात् चमत्कारपूर्ण कथनको प्रक्रिया नै वक्रोक्ति हो । कुन्तक वक्रोक्तिका आधारका रूपमा कविव्यापार र कविप्रतिभा आश्रित कर्म मान्दछन् । प्रतिभालाई पूर्वजन्मको र यस जन्मको कर्मद्वारा प्राप्त हुने अपूर्व शक्ति स्वीकार्दछन् ।

उनी अझ थप्दछन् :

शब्दार्थौ सहितौ वक्रकविव्यापार शालिनी ।

बन्धे व्यवस्थितौ काव्य तद्विधा ह्लादकारिणी ॥ (ऐ १ । ७)

वक्र कविव्यापार युक्त रचनामा राम्ररी सजाइएका शब्द र अर्थ नै काव्य हुन् त्यसमा काव्य वेत्तालाई आह्लादित गराउने क्षमता हुनु आवश्यक छ ।

(साहित्य कोश, २०५५- ७/३७)

कुन्तकले व्यञ्जनावृत्तिलाई अस्वीकार गर्दै प्रसिद्ध कथनभन्दा भिन्न विचित्र अभिव्यक्ति नै वक्रोक्ति हो भनेका छन् ।

यसप्रकार भामहदेखि कुन्तकसम्मका आचार्यहरूले व्यक्त गरेका परिभाषालाई अध्यन गर्दा वक्रोक्ति भनेको सामान्य कथनभन्दा चमत्कारपूण, सामान्य शैली भन्दा वक्र शैली, भङ्गी भणिति युक्त अभिव्यक्ति नै वक्रोक्ति हो । वक्रोक्तिसम्बन्धी विभिन्न प्रकारका परिभाषा दिई चिनाउने गरिएको पाइए पनि कुन्तकद्वारा नै सूक्ष्मरूपमा अध्ययन गरेर वक्रोक्तिलाई सिद्धान्तका रूपमा स्थापना गरेको पाइन्छ ।

## ८. वक्रोक्तिका प्रकार

कुन्तकले पूवृवर्ती आचायरूका वक्रोक्ति सम्बन्धी विचारहरू र अन्य अलङ्कार, रीति, ध्वनि आदि सिद्धान्तहरूको अध्ययन गरी केही खण्डन मण्डनसहित वक्रोक्रिवादको स्थापना गरेका हुन् । उनले स्थापना गरेको वक्रोक्ति सिद्धान्त तार्किक र वैज्ञानिक रहेको छ । काव्यको सबैभन्दा सानो रूपदेखि बृहद्रूप प्रबन्ध काव्यसम्मको सूक्ष्म रूपले अध्ययन गरी कमबद्ध तरिकाले विभन्नि भागमा वर्गीकरण गरेको हुँदा महत्त्वपूर्ण देखिन्छ ।

वक्रोक्रिका प्रकारहरूलाई निम्नलिखित तरिकाले अध्ययन गर्ज सकिन्छ :

| | | |
|---|---|---|
| क) वर्णविन्यासगत वकता | ख) पदपूर्वाध वकता | ग) पदपरार्ध वकता |
| घ) वाक्य वकता | ङ) प्रकरण वकता | च) प्रबन्ध वकता |

**क) वर्णविन्यास वक्रता**

वर्णहरुको विन्यासवाट सिर्जना हुने विचित्रता वा चारुता पूर्ण प्रस्तुति वर्णविन्यास वकता हो । सर्जकले साहित्य सिर्जना गर्दा उसले वर्णहरुको समुचित चयन गर्नु पर्दछ । यसले मूलतः संरचनासँग बढी सम्बन्ध राख्ने गर्दछ । अलङ्कार सिद्धान्त अन्तर्गत शब्दालङ्कारसँग यसको बढी सामीप्ता रहेको हुन्छ । वर्णविन्यास वकता शास्त्रादिमा प्रयुक्त हुने प्रसिद्ध कथनभन्दा पृथक् हुन्छ र काव्यकृतिभित्र वैचित्र्य वा चमत्कारद्वारा शोभित हुन्छ, त्यसरी अत्यन्त रमणीय शब्दहरूद्वारा सजाइएको त्यस्तो वकता

काव्यमर्मज्ञहरूका लागि आह्लादकारी हुन्छ । (कुन्तक, १ । १८)

वर्णविन्यास वक्रतामा वर्णहरूको आवृत्तिले मात्र शोभा प्रदान गर्ने होइन । वर्णहरूको आवृत्ति हुँदा वक्रता सिर्जना गर्ने उद्देश्यले गरिनु हुँदैन, असुन्दर वर्णहरू सजाइनु हुँदैन, एउटै वर्ण बारम्बार पुनरावृत्ति गर्नु हुँदैन । (कुन्तक १ । ८) यसकिसिमका कुराहरूबाट मुक्त भएर वर्णविन्यासगत वक्रताको प्रयोग गरिनु पर्दछ । यसलाई पनि निम्नलिखित तरिकाले वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

अ) व्यवधान युक्त
 एकवर्ण आवृत्ति
 द्विवर्ण आवृत्ति
 बहुवर्ण आवृत्ति

आ) अव्यवधान युक्त
 एकवर्ण आवृत्ति
 द्विवर्ण आवृत्ति
 बहुवर्ण आवृत्ति

इ) संयुक्त वर्ण आवृत्ति
 वर्गान्तयोगी आवृत्ति
 तलनादि आवृत्ति
 शिष्टवर्ण रेफयुक्त आवृत्ति

ई) यमकाभास र यमक

यी विभिन्न प्रकारका भेदहरूमध्ये प्रत्येक समूहबाट एकएकवटा उदाहरणहरू यहाँ प्रस्तुत गरिएको छ ।

**१) व्यवधान युक्त वर्णविन्यास वक्रता**

प्रस्तुत वक्रतामा कुनै पनि वर्ण दुई वा दूईभन्दा बढी पटक एकैसाथ नभई केही अन्तरालमा पुनरावृत्ति भएमा व्यवधानयुक्त वर्णविन्यास वक्रता भनिन्छ । जस्तै :

सुनको तनको सुनकेश परी ।
जुन साँझ भनी तरले कहिले ॥
सिउरेर गुलाब मुसुक्क बनी ।
विहगावलिले कति चारु बनी ॥ (शाकुन्तल ३ । १३)

प्रस्तुत उदाहरणमा स क न ब व वर्णहरूको पुनरावृत्ति केही अन्तरालमा भएको हुँदा व्यवधान युक्त वर्णविन्यास वक्रता भएको छ । यसले काव्यमा सुन्दरता प्रदान गरेको छ ।

**२) अव्यवानयुक्त वर्णविन्यास वक्रता**

प्रस्तुत वर्णविन्यास वक्रतामा सँगसँगै रहेर वर्णहरू पुनरावृत्ति हुने गर्दछन् । यसरी पुनरावृत्ति हुँदा अजन्त र हलन्त दुवै हुन सक्दछन् । जस्तै :

झोलिका कनिका प्रशान्त मनले मर्मर चपाइकन ।
कुर्कुर ढुक्कुर झैँ रमी हृदयले योगी डुलुन् कानन ॥
रामै तुल्य रमाइलो छ रमिता प्राचीनको यो वन ।
भन्दै  कण्व र कश्यप प्रभृतिका हुन् साम्‌ु योगी जन ॥
(शाकुन्तल  १ । ३५)

प्रस्तुत उदाहरणमा ढुक्कुर, कानन शब्दमा पूर्णरूपले एकै ठाउँमा वर्ण पुनरावृत्ति भएको हुँदा  अव्यवधान युक्त वक्रता भएको छ ।

**३) संयुक्त वर्णविन्यास वक्रता**

पङ्क्तिको कुनै पनि ठाउँमा आफ्नो वर्गको पञ्चम वर्णसँग आएमा तथा  य, व, श, स, ह, क्ष, त्र, ज्ञ, वर्णसँग रेफ आएमा संयुक्त वणविन्यास वक्रता  भनिन्छ ।

पुरोहित वसन्तले लिखित रङ्ग रेखाहरू,
सितै मधुर वाद्यका विहग कण्ठ बोल्थे जहाँ ।
वितान पनि व्योमको मुदित भो अबिरे बनी ,
मुनाशिशु मुसुक्क छन् मृदुल रङ्ग नाना त्यहाँ ॥  (ऐ १६ । २४)

प्रस्तुत उदाहरणमा रङ्ग, कण्ठ, वसन्त जस्ता शब्दमा आफ्नै वर्गकासाथ संयुक्त वर्णको प्रयोग भएको हुँदा सं ंयुक्त वर्णविन्यास वक्रता रहेको छ ।

**ख) पदपूर्वार्ध वर्णविन्यास वक्रता**

पदपूर्वार्ध वक्रता भनेको पदको मूल शव्द वा धातुमा हुने वक्रता हो । प्रादिपदिक र धातुमा वक्रता भएर काव्यलाई चमत्कार प्रदान गरेमा पदपूर्वाध वक्रता भनिन्छ । यसका पनि निम्नलिखित भेदहरूरहेका छन् :रुढि वक्रता, पर्याय वक्रता उपचार वक्रता विशेषण वक्रता, संवृति वक्रता, र वृत्तिवैचित्र्य गरी मूलतःछ उपभेद र हेका छन् । यी छ भेदलाई पनि कुन्तकले विभिन्न एघार उपभेदमा चर्चा गरेको पाइन्छ । केही उदाहरण निम्न लिखित रहेका छन् :

**क) रूढि वैचित्र्य वक्रता**

कुनै शव्दले आफ्नो रुढ अर्थलाई छाडेर अन्य नवीन अर्थ प्रदान गरेमा रुढि वैचित्र्यवक्रता भनिन्छ । जस्तै :

ज्यादा नबोल्नु मन झट्ट त्यसै नखोल्नु ।
आन्द्राभुँडी नदिनु पस्न र तान्न खुट्टा ॥
छुट्टा रहेर झगडाहरूबाट बच्नु ।
बोली कडासित नबोल्नु नपार्नु बुट्टा ॥ (ऐ १८ । ११)

प्रस्तुत उदाहरणमा आन्द्राभुँडी नदिनु भन्ने शव्दले आफ्नो अर्थ छाडेर भित्री कुरा भन्ने अर्थ बुझाएको छ भने बुट्टा नपार्नु भन्ने शव्दले वास्तविक बुट्टा नभई धेरै चेब्राइँ वा लोलापोतो  अर्थ बहन गरेको हुँदा रुढि वै चित्र्य वक्रता रहेको छ । यसले पनि काव्यमा चमत्कार प्रदान गरेको छ । अर्को उदाहरण :

म त जान्न म बस्छु बिन्ति छ ।
घरमा के छर हेर मोहनी ?
सखि तुल्य लता र भाइ भैँ ।
तर छोडी मरुकी चरा बनी ॥ (ऐ १९ । ८७)

प्रस्तुत उदाहरणमा मरुभूमिको चरा बनेर म घर जान्न भन्ने प्रसङ्गमा चरा भन्ने शव्दले आफ्नो रुढ अर्थ छाडी शकुन्तलालाई सङ्केत गरेको हुँदा रुढि वैचित्र्य वक्रता रहेको छ ।

**ग) पदपरार्ध वक्रता**

पदपरार्ध वक्रता भनेको शव्दको उत्तर भाग अर्थात् अन्त्य भागमा देखा पर्ने वक्रता हो । यसलाई प्रत्यय वक्रता पनि भनिन्छ । कुशल रचनाकारले काव्यलाई वैदग्ध्य भङ्गीभणितिका लागि यसको प्रयोग गर्दछ । यसका पनि काल, कारक, वचन, पुरुष, उपग्रह वक्रता आदि पाँच भेद रहेका छन् । केही उदाहरणहरू यसप्रकार रहेका छन् :

**अ) काल वैचित्र्यवक्रता**

काल वा समयको सङ्केत गर्ने क्रियाबाट उत्पन्न हुने वक्रतालाई कालवैचित्र्य वक्रता भनिन्छ ।

**आ) वाक्य वक्रता**

वस्तृको चमत्कार तथा उत्कर्ष युक्त स्वभावलाई सुन्दर तरिकाले वर्णन गर्नु वाक्य वक्रता हो । सुन्दर वस्तुलाई सुन्दर तरिकाले सुन्दर वर्णविन्यासद्वारा गरिने कार्यलाई वाक्यवक्रता भनिन्छ । ( कृन्तक ३ । १) यसलाई कुन्तकले स्पष्ट रूपमा वर्गीकरण नगरे पनि सहजा र आहार्य तथा चेतन र अचेतन गरी अध्ययन गर्न सकिन्छ । जुन वाक्यमा सहज र स्वाभाविक तरिकाले वर्णन हुन्छ त्यसलाई स्वाभाविक र कवि कौशलताद्वारा कुनै विषयको चमत्कार पूर्ण तरिकाले वर्णन गरिएको हुन्छ त्यसलाई आहार्य भनिन्छ । त्यस्तै चेतन र अचेतन अन्तर्गत पनि वक्रतालाई अध्ययन गरिन्छ । चेतनमा मानवीय पात्र र दैवीदेवता आदि पर्दछन् भने अचेतनमा अन्य पशुपक्षी आदि पर्दछन् । अतः कुन्तकले कवि कौशल सहज र आहार्य विषयवस्तु, चेतन र अचेतन गरी अध्ययन गर्न सकिने सङ्केत गरेका छन् ।

**ङ) प्रकरण वक्रता**

प्रकरण वक्रता भनेको प्रबन्ध भित्रका कथावस्तुको एक भाग हो । कुनै पनि महाकाव्य, नाटक, उपन्यास आदि काव्यमा धेरैवटा प्रसङ्ग वा प्रकरण रहेका हुन्छन् । त्यसरी आउने प्राकरणिक कथावस्तुलाई काल्पनिक रङ्गरोगनले कलात्मक तरिकाले प्रस्तुत गरी चमत्कार सृजना गर्नु नै प्रकरण वक्रता हो । यसलाई पनि पात्र प्रवृत्ति वक्रता, उत्पाद्य कथा वक्रता, उपकार्योपकारक वक्रता, आवृत्ति वक्रता, प्रकरण रस वक्रता, अवान्तर कथावस्तु वक्रता आदि गरी नौ प्रकारमा वर्गीकरण गरेको पाइन्छ ।

**अ) पात्र प्रवृत्तिगत वक्रता**

शाकुन्तल महाकाव्यमा शकुन्तलालाई विदा गर्ने प्रसङ्गमा गौतमीद्वारा दिइएका अर्ती उपदेशको प्रसङ्गलाई यहाँ उदाहरणका रूपमा लिन सकिन्छ । जुन प्रसङ्गले नायक वा नायिकाको चरित्रलाई माथि

उठाउने गर्दछ र सौन्दर्यपूर्ण चमत्कार सृजना भई काव्यमा चमत्कार उत्पन्न हुन्छ, त्यहाँ पात्र प्रवृत्तिगत वक्रता हुन्छ । जस्तै :

ठट्टा नगर्नु गिजिएर नबकस्नु नानी ।
के भन्नु पर्छ र तिमी यति शान्त ज्ञानी ॥
हँस्सी बनाउँछ सधैं हलुका मिजास ।
गम्भीर भाव लिनु राख्नु यथेक्ष्ट लाज ॥ (ऐ १८ । १०)

प्रस्तुत उदाहरणमा शकुन्तलालाई धेरै किसिमका अर्ती उपदेश र घरायसी शिक्षा दिएको छ । विवाह पछि पतिका घरमा गएर के कस्ता काम गर्नु पर्दछ र के कस्ता नियममा रहनु पर्दछ भन्ने कुरा बताउँदै तिमी त आफैं ज्ञानी छौ भन्दै कुशल गृहिणीका रूपमा चमत्कार पूर्ण तरिकाले यो प्रसङ्ग उल्लेख गरिएको छ । यसले शकुन्तलाको शीलस्वभाव, आदर्श भावना र अनुशासित व्यक्तित्व झल्कन पुगेको छ । जसका कारण उनको चरित्रको महानता झल्कन पुगेको छ । यसबाट काव्यमा प्रकरणगत पात्र प्रवृत्तिगत वक्रता भएको छ ।

**आ) उत्पाद्य लावण्य वक्रता**

पुराणमा वर्णित वा इतिहास प्रसिद्ध कथावस्तुलाई स्रष्टाले आफ्ना कला कौशलद्वारा नयाँपन दिई प्रस्तुत गने ' कार्यलाई उत्पाद्य लावण्य वक्रता भनिन्छ । जस्तैः शाकुन्तल महाकाव्यमा वर्णित दुश्यन्तको औँठी प्रसङ्गमा माझीले माछाभित्र भेटेको औँठीलाई देवकोटाले वास बसेका ठाउँमा खसेको प्रसङ्ग बनाई प्रस्तुत गरेर चमत्कार पूर्ण तरिकाले नयाँ विषय उत्पन्न गराई प्रस्तुत गरेको हुँदा उत्पाद्य लावण्य वक्रता रहेको छ । यसले पनि काव्यमा सुन्दरता प्रदान गरेको छ ।

**च) प्रबन्ध वक्रता**

पूरा प्रबन्ध वा रचनामा देखा पर्ने सुन्दरतालाई प्रबन्ध वक्रता भनिन्छ । यस किसिमको काव्य सृजना गर्न स्रष्टामा काव्यकौशलताको आवश्यकता पर्दछ । यसलाई कुन्तकले मूलरस परिवर्तन, समापन, कथाविच्छेद, आनुषङ्गिक, नामकरण, तुल्यकथा वक्रता गरी छ प्रकारमा उल्लेख गरेका छन् ।

**क) तुल्यकथा वक्रता**

तुल्य कथा वक्रता भनेको एउटै स्रोतबाट लिइएका विषयवस्तुलाई भिन्न भिन्न तरिकाले प्रस्तुत गरी हुन जाने चमत्कारलाई तुल्य कथा वक्रता भनिन्छ । (कुन्तक ४:२५) रामायणमा वीर रस भएको कथावस्तुलाई भवभूतिले उत्तररामचरितम् नाटकमा करुण रसमा प्रस्तुत गर्नु, महाभारतमा वर्णित वीर रसपूर्ण कथावस्तुलाई कालिदासले अभिज्ञान शाकुन्तलम् नाटकमा र देवकोटाले शाकुन्तल महाकाव्यमा विप्रलम्भ शृङ्गारमा प्रस्तुत गर्नु तुल्यकथा वक्रताको उदाहरण मानिन्छ ।

**निष्कर्ष**

वक्रोक्तिवाद संस्कृत साहित्यमा बहुचर्चित वाद हो । मूलतः कुन्तकले एघारौं शताव्दीमा स्थापना गरे पनि

वक्रोक्ति सम्बन्धी चर्चा छैटौं शताव्दीका भामहले नै गरेका थिए । उनले वक्रोक्तिलाई अतिशयोक्ति मान्दै सम्पूर्ण अलङकारको मूल वक्रोक्रि हुने कुरा बताएका थिए । त्यस्तै दण्डी, रुद्रट, भोज, आनन्दबर्धन आदि आचार्यहरूले पनि धेर थोर रूपमा वक्रोत्तिको चर्चा गरेको पाइन्छ । कुन्तकले पूर्ववर्ती आचार्यहरूका विचारहरूलाई खण्डन र मण्डन गर्दै वक्रोक्तिको विशद रूपमा चर्चा गरेर वक्रोक्तिको वर्णदेखि लिएर प्र वन्धसम्म रहने बताउँदै यसका पनि विभिन्न भेद उपभेद रहने चर्चा गरेका छन् ।

कुन्तक काव्यमा आएका वर्णका पुनरावृत्तिले काव्यमा चमत्कार सृजना गर्दछ र काव्य आह्लादकारी बन्न पुग्दछ भन्दछन् । त्यस्तै पदपूर्वार्ध र पदपरार्ध वक्रताले पदहरूको शोभा बढाउने काम गर्दछ । यसैगरी प्रकर ण वक्रताले काव्यमा आएका नयाँ प्रकरणलाई बुझाउने गर्दछ भने प्रबन्ध वक्रताले पुरा प्रबन्धमा आएका परिवर्तनात्मक चमत्कारलाई बुझाउँदछ भन्दै यसले पनि काव्यमा नयाँ कुराको अनुभव प्रदान गराउँदछ भन्दछन् । यसप्रकार समग्र साहित्यका क्षेत्रमा वक्रोक्तिको स्थान उच्च रहेको पाइन्छ । अस्तु

**सन्दर्भसामग्री सूची**


अवस्थी, महादेव. (२०५३).वर्णविन्यास वक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग गरिमा. १६/१२ पृ. ५०-५६ ।

उपाध्याय, केशवप्रसाद. (२०४८). पूर्वीय साहित्य सिद्धान्त. (दोस्रो संस्करण.), काठमाडौँ : साझा प्रकाशन ।

कुन्तक. (ईस्वी २०१२). वक्रोक्तिजीवितम् (टीकाकार :आचार्य विश्वेश्वर) दिल्ली : रामपुरी ।

खनाल, श्यामप्रसाद. (२०६७). नेपाली कवितामा वाक्य वक्रता : एक दिग्दर्शन ऋतम्भरा.पू. १४. पृ. ११२-१ २२ ।

--------- (२०६८). मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, ने.सं.वि. ।

द्विवेदी, दशरथ टीकाकार (ई २०१४). वक्रोक्तिजीवितम् (मूल लेखक कुन्तक) वाराणसी : चौखम्बा संस्कृत सिरिज ।

पोखरेल, केशव. २०५८). ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रताको प्रयोग प्रज्ञा पू ९५, पृ १६४ ११ ४ ।

भट्टराई, धनपति (२०६९). मुकुन्द इन्दिरा नाटकमा प्रकरण वक्रता एम फिल शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग त्रि.वि ।

शर्मा, ऋषिराम (२०६९). भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता एम फिल शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग त्रि वि ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०५२). शोधविधि ललितपुर : साझा प्रकाशन ।

(२०६३) पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त दोस्रो संस्करण काठमाडौँ : साझा प्रकाशन ।